आज मिति २०८१/०९/२६ गते रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख
१९ आमन्त्रित श्री तेजेन्द्र लम्साल, ले.पा.

**प्रस्तावहरु :-**

१. बजेट शीर्षकान्तर/रकमान्तर सम्बन्धमा ।

२. ऐन, निर्देशीका र कार्यविधि सम्बन्धमा ।

३. प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा ।

४. विविध

**निर्णयहरु:-**

| सि.नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | योजना | चालु आ.व. २०८१/८२ को वजेटमा शिर्षकान्तर र रकमान्तर गर्नु पर्ने भएमा विषयगत शाखा तथा वडा कार्यालयहरुलाई २०८१ पौष मसान्त भित्र सो सम्वन्धी विवरण पेश गर्न पत्राचार गर्ने । | |
| २. | प्रशासन | पेश भएका ऐन र कार्यविधिहरु अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने । | |
| ३. | प्रशासन | कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सरुवा भई अन्यत्र गएको र कार्यालयको दैनिक आर्थिक प्रशासन लगायतका कामकाजमा अवरोध सृजना भएकोले यसै पालिकामा कार्यरत स्थानीय सेवा अन्तर्गत शिंक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृतस्तर आठौँ तहका शाखा अधिकृत श्री मणी प्रसाद खनाल (क.स.नं: १४११७१) लाई आर्थिक अख्तियारी सहित प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्ने गरी यस पालिकामा खटाई पठाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस साथ अनुरोध गरी पठाउने । | |
| ४. | प्रशासन | रिब्दीकोट गाउँपालिका अन्तरगत कार्यरत सवै सेवा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवा अवधि २०८२ अषाढ मसान्त सम्म थप गर्ने । | |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था. २०७३

नारायण बहादुर कार्की
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ४. | प्रशासन | ख) स्थानिय सेवा अन्तर्गत इन्जिनीयरिङ सेवा, सिभिल समुह, सेनिटरी उपसमुह चौथो तह, खा.पा.स.टे. पदमा मिति २०७९/११/७ देखि कार्यालयमा कार्यरत श्री सुरज कार्कीले यस कार्यालयमा इन्जिनीयरिङ सेवा, सिभिल समुह चौथो तह असिस्टेन्ट सब इन्जिनीयर पदको समेत कामकाज गर्दै आएकोमा प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशबाट खा.पा.स.टे. पदमा स्थायी नियुक्तीका लागि नयाँ कर्मचारी सिफारीस भई आएकोले निज सुरज कार्कीलाई कार्यालयमा रिक्त रहेको चौथो तह, असिस्टेन्ट सब इन्जिनीयर पदमा कायम गरी मिति २०८१/०९/०१ गते देखि लागु भई २०८२ असार मसान्त सम्म निजको सेवा करारको म्याद थप गर्ने निर्णय गरियो। | |

CamScanner